# स्थानीय तह निर्वाचन सम्बन्धी संसदीय छानविन विषेश समितिको प्रतिवेदन, २०७४

व्यवस्थापिका-संसद
स्थानीय तह निर्वाचन सम्बन्धी संसदीय छानविन
विषेश समिति २०७४

# मन्तव्य

मिति २०७४ बैशाख ३१ गते भएको पहिलो चरणको स्थानीय तहको निर्वाचनको क्रममा देशका केही स्थानमा हिंसात्मक घटना घटेका, मतपत्र च्यातिएका र अन्य अनियमितता भएको भन्ने सन्दर्भमा छानविनको अतिरिक्त आउँदा दिनमा हुने निर्वाचनहरु स्वस्थ, मर्यादित र भयरहित वातावरणमा सम्पन्न गर्ने गराउने र हाल निर्वाचनको क्रममा भोग्नुपरेका नकारात्मक पक्ष र क्रियाकलापहरुको न्यूनीकरण गर्ने तथा निर्वाचनलाई स्वच्छ, धाँधली रहित र निष्पक्ष बनाउने उद्देश्यले व्यवस्थापिका-संसद नियमाबली २०७३ अनुसार स्थानीय तह निर्वाचन सम्बन्धी संसदीय छानविन विषेश समिति २०७४ गठन भएको थियो । संविधान संशोधन लगायत, आर्थिक वर्षको बजेटमाथिको छलफल, स्थानीय र प्रादेशिक तथा संघीय निर्वाचन सम्बन्धी विधेयकहरु माथिको छलफल र पारित जस्ता महत्वपूर्ण विषयमा समितिका माननीय सदस्यज्यूहरुको व्यस्तताले गर्दा समितिको काम कारबाहीको थालनी समिति गठन हुने वित्तिकै हुन सकेको थिएन । मिति २०७४ भाद्र २०, २१, २५ र असोज २४ गते जम्मा ४ वटा बैठक बसेकोमा उपस्थित मध्येका जेष्ठ सदस्य माननीय राजेन्द्र प्रसाद पाण्डेको सभापतित्वमा सबै बैठकहरु बसी समितिको काम कारबाही सम्पादन भएको थियो । यसै क्रममा २०७४ बैशाख ३१ गते भएको पहिलो चरणको स्थानीय निर्वाचनको क्रममा संबेदनशील घटना घटेका तीन जिल्लाहरु कालिकोट, दोलखा र चितवनको स्थलगल अध्ययन गरी घटनाको छानविन गर्ने र अन्य जिल्लाहरुमा भएका घटनाहरुको विवरण पठाउन सम्बन्धित जिल्ला प्रशासन कार्यालय र जिल्ला निर्वाचन कार्यालयललाई परिपत्र गरी विवरण संकलन गर्ने गरी समितिको कामकारबाही अगाडि बढाइएको थियो । व्यवस्थापिका-संसदको कार्यकाल पूरा हुन लागेको, चाडपर्व र सार्वजनिक विदाको कारणले पर्याप्त समय नभएकोले भ्रमण गर्न निर्धारित जिल्लाहरुमध्ये कालिकोटको मात्र समितिबाट स्थलगत अध्ययन भ्रमण सम्भव भयो । चितवन र दोलखाको लागि समय निर्धारण गरेर पनि समय अभावको कारण ती स्थानहरुको भ्रमण गरी सत्य तथ्य समिति आफैंले लिन सकेन । दोलखा, चितवन लगायत अन्य जिल्लाहरुको घटना सम्बन्धमा सम्बन्धित जिल्ला निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालयबाट प्राप्त विवरण अध्ययन र विश्लेषण गरी अध्ययनबाट देखिएका समस्याहरुको समाधानको लागि सरकार, निर्वाचन आयोग र सम्बद्ध निकाय समेतलाई समेट्ने गरी आवश्यक निर्देशन सहितको यो प्रतिवेदन समितिको निर्णयानुसार मैले ज्येष्ठ सदस्यको हैसियतले सदनमा पेश गरेको छु ।

समितिमा रही छलफलमा भाग लिने, जिल्ला भ्रमण गरी स्थलगत अध्ययन तथा अवलोकन गर्ने र महत्वपूर्ण सल्लाह, सुझाव दिई प्रतिवेदनलाई गहन तुल्याउन सहयोग गर्ने मा. अर्जुनप्रसाद जोशी, मा. भाष्कर भद्रा, मा. राजेन्द्रप्रसाद पाण्डे र मा. रामनारायण विडारीलाई हार्दिक धन्यवाद दिन्छु । यसैगरी बैठक व्यवस्थापन तथा प्रतिवेदन लेखनको लागि समिति सचिव श्री जीबराज बुढाथोकी र समिति सचिवालयलाई हार्दिक धन्यवाद दिन्छु । समिति प्रतिको सद्भाव र मार्ग निर्देशन तथा सुझावको लागि सम्माननीय सभामुखज्यू, माननीय उपसभामुखज्यूप्रति आभार व्यक्त गर्दै व्यवस्थापिका-संसदका महासचिव श्री मनोहरप्रसाद भट्टराई तथा सचिवहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

मितिः २०७४ असोज २६ गते ।

डा. सुबोधकुमार पोखरेल
ज्येष्ठ समिति सदस्य

## विषय सूची


पृष्ठभूमिः ........................................................................................१

समितिमा रहनु भएका मा. सदस्यहरुः........................................................१

समितिको कार्यक्षेत्र र सीमा..........................................................................१

कालीकोट जिल्लाको स्थलगत अध्ययनबाट प्राप्त विवरणः ..................................२

जिल्ला निर्वाचन कार्यालय दोलखाबाट प्राप्त विवरणः ........................................८

जिल्ला निर्वाचन कार्यालय चितवनबाट प्राप्त विवरणः .......................................१०

अन्य जिल्ला निर्वाचन कार्यालयबाट प्राप्त विवरणः..........................................१२

जिल्लाबाट प्राप्त समस्या र सुझावहरुः.........................................................१३

समस्याः........................................................................................१३

सुझावहरुः.....................................................................................१४

समितिबाट सरकार, निर्वाचन आयोग तथा सम्बद्ध निकायलाई निर्देशनः............................१७

## पृष्ठभूमि

मिति २०७४ बैशाख ३१ गते भएको पहिलो चरणको स्थानीय निर्वाचनको क्रममा देशका केही स्थानमा घटेका हिंसात्मक घटनाहरुको छानविनको अतिरिक्त आउँदा दिनमा हुने निर्वाचनहरु स्वस्थ, मर्यादित र भयरहित वातावरणमा सम्पन्न गर्ने गराउने र हाल निर्वाचनको क्रममा भोग्नुपरेका नकारात्मक पक्ष र क्रियाकलापहरुको न्यूनीकरण गर्ने उद्देश्यले व्यवस्थापिका-संसद नियमाबली २०७३ अनुसार स्थानीय तह निर्वाचन सम्बन्धी संसदीय छानविन विषेश समिति २०७४ गठन भएको हो । संविधान संशोधन, निर्वाचन सम्बन्धी कानुन पारित लगायत आर्थिक वर्षको बजेटमाथिको छलफलजस्ता केही महत्वपूर्ण विषयमा मा. सदस्यज्यूहरुको व्यस्तताले गर्दा मिति २०७४ भाद्र २० गते उपस्थित मध्येका जेष्ठ सदस्य मा. राजेन्द्र पाण्डेको सभापतित्वमा पहिलो बैठक बसी समितिको काम कारवाही प्रारम्भ भयो । यस बैठकले समितिको कार्यविधि पारित गर्नुको साथै २०७४ बैशाख ३१ गते भएको पहिलो चरणको स्थानीय निर्वाचनको क्रममा संबेदनशील घटना घटेका तीन जिल्ला कालिकोट, दोलखा र चितवनको स्थगल अध्यन तथा छानविन गर्ने र अन्य जिल्लाहरुमा भए घटेका घटनाहरुको विवरण पढाउन सम्बन्धित जिल्ला प्रशासन कार्यालय र जिल्ला निर्वाचन कार्यालयललाई परिपत्र गरी विवरण संकलन गर्ने निर्णय गरिए बमोजिम सो अनुरुप समितिको कामकारबाही अगाडि बढाइएको थियो । व्यवस्थापिका-संसदको कार्यकाल कम भएको, संसदमा महत्वपूर्ण विधेयकहरु पारित गर्नुपरेको अवस्था, चाडपर्व र सार्वजनिक विदाको कारणले भ्रमण गर्न निर्धारित जिल्लाहरुमध्ये कालिकोटको मात्र स्थलगत अध्ययन भ्रमण हुन सक्यो । सो बाहेक दोलखा, चितवन लगायत अन्य जिल्लाहरुको सम्बन्धित जिल्ला निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालयबाट प्राप्त विवरण अध्ययन र विश्लेषण गरी भविष्यमा आइपर्ने समस्या समाधान गर्न सरकार र सम्बद्ध सबैलाई निर्देशन सहितको यो प्रतिवेदन तयार गरिएको छ ।

## समितिमा रहनु भएका मा. सदस्यहरु

| | | |
|---|---|---|
| १. मा. अर्जुनप्रसाद जोशी | - | सदस्य |
| २. मा. भाष्कर भद्रा | - | सदस्य |
| ३. मा. राजेन्द्रप्रसाद पाण्डे | - | सदस्य |
| ४. मा. रामनारायण विडारी | - | सदस्य |
| ५. मा. सुवोधकुमार पोखरेल | - | सदस्य |
| ६. श्री जीवराज बुढाथोकी | - | सचिव |

## समितिको कार्यक्षेत्र र सीमा

१. २०७४ बैशाख ३१ गते भएको स्थानीय तहको निर्वाचनमा धाँधली भएको भन्ने सम्बन्धमा सत्यतथ्य छानविन गरी व्यवस्थापिका-संसदको बैठकमा प्रतिवेदन पेश गर्ने,
२. सम्माननीय सभामुखको निर्देशनमा रही समितिले आफूले आफ्नो कार्यक्षेत्र व्यवस्थित गर्न सक्ने,
३. समितिले आवश्यक देखेमा सम्बन्धित अन्य व्यक्तिको सहयोग लिन सक्ने,
४. समितिले आवश्यकता अनुसार सम्बन्धित तहको निर्वाचन क्षेत्रमा अध्ययन गर्ने र
५. समितिको कार्यावधि कार्य प्रारम्भ गरेको मितिले ३ महिनाको हुने ।

## १.कालीकोट जिल्लाको स्थलगत अध्ययनबाट प्राप्त विवरण

### दान बहादुर बटाला (घाइते)

मेरो नाम दानबहादुर बटाला हो मेरो ठेगाना पहिलेको मालकोट गा.वि.स.५ हाल नरहरिनाथ न.पा. वा.नं ६ हो । म घटनाको प्रत्यक्ष दर्शी एबं घाइते र पीडित हुँ । त्यो दिन निर्वाचन सम्पन्न हुँदै थियो । अचानक निर्वाचन बहिस्कारवादी नेकपा विप्लव समुहवाट ढुंगामुढा हुन थालेपछि मेरा दाजु धनरुप बटाला मृतक जो राप्रपा नेपालको तर्फवाट गाउँ पालिकाको वडा नं. ६ को अध्यक्ष पदको उम्मेदवार हुनु हुन्थ्यो वहाँले मतपेटिका जोगाउने प्रयास गर्दा प्रहरी तर्फवाट गोली चल्यो र वहाँको तत्कालै मृत्यु भयो । मैले राज्यतर्फवाट भएको यस घटनाको तत्काल विरोध गर्दा म माथि पनि गोली चलाइयो र मेरो बायाँ खुटटामा गोली लागेर अपांग भएको छु । नौउँदश लाख मेरो व्यक्तिगत खर्च उपचारमा लागेको छ । राज्यले यस कुरामा मौन भएर बसेको छ । राज्यको तर्फबाट मृतकलाई क्षतिपूर्ति र घाइतेलाई कुनै उपचार खर्च दिएको छैन । यस समितिले यसतर्फ आबश्यक पहल र सिफरिश गरोस् भन्ने निवेदन गर्दछु ।

### कुलबहादुर बटाला (घाइते)

मेरो नाम कुलबहादुर बटाला हो मेरो पनि ठेगाना पहिलेको मालकोट गा.वि.स.५ हाल नरहरिनाथ न.पा. वा.नं ६ नै हो । म पनि सोही घटना गम्भीर घाइते भै उपचार गराइ रहेको छु । राज्यको तर्फबाट मलाई कुनै केही उपचार खर्च दिएको छैन । यस समितिले यसतर्फ आबश्यक पहल र सिफरिश गरोस् भन्ने निवेदन गर्दछु ।

### अनिपाल शाही (संयोजक, जिल्ला समन्वय समिति)

घटना सुनियोजित थियो कि भन्ने कुरा घटनाको प्रकृतिले जनाउछ । सेरापाटा स्कुल जहाँ निर्वाचन केन्द्र थियो र घटना भयो सो निर्वाचन केन्द्रलाई संबेदनशील केन्द्रको रुपमा राखिएको थियो तर जिल्ला प्रशासन कार्यालयले राम्रो हात हतियार सुरक्षाको राम्रो प्रबन्ध गरेको देखिदैन । चार बजेसम्म मतदान सकिई सकेको थियो तर पाँच बजेसम्म नियमानुसर मतपेटिका बन्द गर्न नपाइने भन्ने भयो । मतदान केन्द्रको नजिकै वरपर व्यापक रुपमा मदिरा खुलेआम व्यापार र सेवन भइरहेको थियो । एमाले र राप्रपा हार्ने पक्षले चुनावको सकारात्मक परिणाम आफ्नो पक्षमा नआउने भएपछि कार्यकर्ताहरुलाई मदिरा सेवन गरी गराई बहिस्कारवादी नेकपा विप्लवसंगको मिलोमतोमा मतपेटिका लुटने क्रममा घटना भएको देखिन्छ । सुरक्षाको लागि ससस्त्र प्रहरी खटाइएको थिएन र नेपाली सेना र प्रहरी विचमा पनि समन्वय देखिएन । ती बीच अन्तरविरोध सृजना गराएको देखियो । सेनाको लुिएको व्यागहरु पछि फिर्ता बुझाइयो तर तारो प्रहरीलाई बनाइयो र प्रहरीको सामान बुझाइएन । सेना फेला परेका बम डिस्पोज गर्न तिर लाग्यो । त्यो बाहेक आफ्नो जिम्मेवारी पुरा गरेन । केवल प्रहरीले आफ्नो जिम्मेवारी पूरा गर्‍यो जुन प्रयाप्त थिएन । जिल्ला प्रशासन प्रशासनले उचित सुरक्षाको योजना र प्रबन्ध गर्न पनि नसकेको देखिन्छ ।

### कृष्णप्रसाद पाण्डे (सदस्य, राप्रपा)

निर्वाचनमा भाग लिएको उम्मेदवारको सुरक्षा गर्नुको सट्टा राज्य तर्फवाट गोली प्रहार गरी हत्या गर्नु भनेको सामान्य कुरा हैन । अहिलेसम्म यो घटनाका मृतक तथा घाइतेहरुलाई क्षतिपुर्ति तथा कुनै राहत उपचार खर्च दिइएको छैन जव कि यस प्रकारका अन्य तमाम घटनाहरुमा दिने गरिन्छ । यहाँवाट जिल्ला प्रशासन कार्यालय मार्फत घटनको सबै सर्जमीन, मुचुल्का र र आबश्यक

देखापढी भै सकेको छ । मृतकलाई सहिद घोषणा सहित र क्षतिपूर्ति र घाइतेहरुलाई उपचार र भरणपोषणको उचित व्यवस्था होस् र आगामी निर्वाचनमा उमेदरवार तथा समग्र निर्वाचनको लागि प्रयाप्त सुरक्षा प्रबन्ध होस् ।

हर्ष बहादुर बम (जिल्ला सभापति, नेपाली काँग्रेस)

निर्वाचनको तयारी र शान्ति सुरक्षाको सम्बन्धमा सरकारी पक्षको कमजोरी देखिन्छ । निर्वाचन अवधिभरी १५।२० दिन टेलीफोन सम्पर्क विच्छेद गरियो । मतदाता, पार्टि कार्यकर्ता र प्रहरी प्रशासनको विचमा सम्पर्क समन्वय हुन नसक्ने वातावरण वनाइयो । यसको पनि कतै घटनासंग सम्बन्ध थियो कि भन्ने आशंका पनि छ । विप्लव समुहको चुनाव विथोल्ने त उद्देश्य नै हो । चुवाव हार्न सक्ने सम्भावना भएको पार्टीहरु पनि सोही समूहवाट परिचालित भएको हामीले महसुस गरेका छौं । हार्न लागेको चुनाव विथोलिए पछि पुनः जित्ने संभावनाले बहिष्कारबादी संग चुनाव हार्ने पार्टीहरु सहमत भएको बुझिन्छ । मुख्य दोषि विप्लव समूह नै हो भने अन्य मतियारहरु हुन् । सुरक्षाको उचित प्रबन्ध नहुनुमा जिल्ला प्रशासनको कमजोरी रहेको छ । जे भए पनि घटनाका देषिलाई कडा कारवाही हुनु पर्दछ । मृतकको परिवारलाई क्षतिपूर्ति, धाइतेलाई सम्पूर्ण उपचार खर्च र मृतकका वालबालिकालाई निशुल्क शिक्षाको व्यवस्था गरिनु पर्छ । अब आउँदा दिनहरुमा निश्पक्ष निर्वाचनको लागि सातै प्रदेशहरुमा कर्मचारी सुरक्षाकर्मी परिचालन गर्दा एक प्रदेशको अर्को प्रदेशमा गर्नु पर्छ । आस्थाका आधारमा ट्रेड युनियन गठन भएका छन् । उनीहरुलाई आफ्नै प्रदेश र स्थानमा परिचालन गरियो भने धाँधलीको बढि संभावना रहन्छ ।

लालबहादुर मल्ल (जिल्ला उपाध्यक्ष, राप्रपा)

घटनाको दोषि मूलरुपमा विप्लव माओबादी र दोस्रो प्रहरी प्रशासन हो । जिल्ला प्रशासन घेरा उगर्ने र मत गणना हुन नदिने सम्म सबै दलका प्रतिनिधिहरुको सल्लाह भएको थियो । मृतकको परिवारलाई क्षतिपूर्ति, घाइतेहरुलाई सम्पूर्ण उपचार खर्च, र मृतकका वालबालिकालाई निशुल्क शिक्षाको व्यवस्थाको लागि केन्द्रमा लेखि पठाउने आश्वासन सीडीयो सापबाट भए पछि हामीले हाम्रा कार्यकर्तालाई शान्त तुल्यायौं । तर केन्द्रवाट केही सुनुवाई नभएपछि हाम्रा माग पत्र मैले हाम्रो केन्द्रिय पार्टि कार्यालय मार्फत सरकारमा पठायौं । तर कुनै सुनुवाई भएको छैन । धाधलीका प्रमुख स्रोत ठूला दलहरु हुन । आफै धाँधलीमा उत्रन्छन साना दलहरुलाई समेत यसमा उद्यत तुल्याउछन् । निश्पक्षताको थालनी ठूला दलहरुबाटै हुनुपर्ने हो । हालै विप्लव माओबादीले सरकार भन्दा अगाडि बढेर मृतक हाम्रो पार्टीको कार्यकर्ता हो भनेर मृतकको परिवारलाई क्षतिपूर्ति स्वरुप ३०,०००।- तीस हजार र घाइते प्रत्येकलाई रु १०,०००।- दशहजार रुपैया प्रदान गरेको छ । सो पार्टीले अन्य पार्टिका कार्यकर्तालाई सहानूभूति दर्शाई सरकार विरुद्ध उतार्ने चेस्टा गर्दै नयाँ राजनैतिक चाल चाल्दै छ । यसतर्फ सरकार समयमा सचेत हुन जरुरी छ ।

कुर्मराज शाही (प्रदेश समितिको सदस्य, नेकपा एमाले)

राप्रका साथीहरुले हाम्रो उमेदवार भन्नु हुन्छ उता विप्लव माओबादीले मृतकलाई आफ्नो सहिद र घाइतेहरुलाई दोसल्ला ओढाएर आफ्नो पार्टीको सदस्य घोषणा गरेको छ । यो छानविन भएपछि सत्यतथ्य थाहा हुने छ । मालकोटको घटना हुनुमा मदिरा नियन्त्रण हुन नसकेको कारण घट्ना उक्साउने बातावरण बनेको छ । मदिरा सेवन गरेर हुलहुज्जत गरी मतपेटिका खोस्ने काम भए पछि प्रहरीले गोली चलाएको छ । प्रशासनले मतपेटिकालाई आफ्नो नियन्त्रणमा राख्न सकेन । त्यो निरन्तर रुपमा ५६, ६४, ७० सालको चुनाव किन नहोस् निरन्तर झगडा भै रहने संबेदनशील ठाउको रुपमा परिचित इलाका हो । यहाँनिर प्रशासनको कमजोरी देखिन्छ । निर्वाचनको स्वच्छताको

लागि कर्मचारीको निश्पक्षता आबश्यक छ । आफ्नो पार्टी अनुकुल कर्मचारीहरुको खटनपटनको लागि दवाव दिने परिपाटी छ । हाम्रो जस्तो दुर्गम ठाउँमा मतदान सकिनासाथ हेलीकोप्टरबाट मत पेटिका मत गणनास्थल नपुर्‍याउदा दुई तीन दिनको बाटो बोक्ने अबस्थामा अनेक धाँधली हुने सम्भावना हुन्छ ।

कृष्णबहादुर शाही (जिल्ला कमिटि सदस्य, राजमो)

विप्लव समुह र राज्य पक्ष दुबै दोषि देखिन्छन यस घटनामा । किन भने राज्यले उम्मेदवार नचिनी गोली हान्नु राज्यको कमजोरी नै हो । विप्लव माओबादीले हार्ने अबस्थामा रहेका पार्टी नेकपा एमाले, राप्रपा लाई उक्साई अहिले तपाइहरु हार्नु हुन्छ । यो चुनाव विथोलौ दोस्त्रोमा जिताउने प्रयास गरौंला अहिले हाम्रो चुनाव विथोल्ने नीतिलाई सहयोग गर्नु पर्‍यो भनेर मदरिा सेवान गरी गराई मतपेटीका लुट्न उक्साएको बुझिन्छ । मृतक र घाइते साथीहरुलाई पनि विप्लव समूहले उकासेको बुझिएको छ । दोषिलाई कडा कारबाही, मृतकलाई क्षतिपूर्ति र घाइतेलाई उपचार खर्च दिनु पर्दछ ।

रत्न कार्की (पत्रकार)

म रेडियो नेपालको लागि कालिकोटको रिपोर्टिंग गर्दछु । घटना हार स्वीकार गर्न नसक्ने जुन प्रबृत्ति छ त्यसको उपज हो । मालकोट जहाँ घटना भयो त्यहाँ पारिवारिक अन्तरविरोघ रहेछ । एकातिर माओबादी विप्लब पक्षका खड्ग बहादुर विश्वकर्मा अर्कोतिर अहिले माओबादी केन्द्रमा फर्कनु भएका विष्णु विश्वकर्मा बीच निकै सत्रुतापूर्ण सम्बन्ध र पारिवारिक अन्तरविरोध रहेको छ । विप्लव समूहले माओबादी केन्द्रको विरुद्धमा समेत निर्वाचन विथोल्ने नीति अख्तियार गरेको बुझिन्छ । यस्तै नेपाली सेनालाई तपाइहरु संगको हाम्रो लडाई होइन भन्दै फकाउने र प्रहरीलाई उक्साउने र मत पेटिका खोस्ने काम भएपछि प्रहरीले गोली चलाएको बुझिएको छ । अन्य दलका नेताहरुले प्रहरीलाई मद्दत गर्ने घटनालाई मत्थर पार्ने सम्झाउने शान्त पार्ने भन्दा आफू उम्कने तिर लागेको बुझिन्छ । त्यसैले जित्ने दलवाहेक अरु सबै दलका कार्यकर्ता बहिस्कारवादीवाट प्रयोग भएको जस्तो बुझिन आएको छ । यस्तै कर्मचारीको सवालमा जहाँ श्रीमान उहीँ श्रीमती, जहाँ मतदाता नामाबली उही कर्मचारीको रुपमा खटिएको अबस्था छ । चुनाव पनि गराएको छ भोट पनि हालेको अबस्था छ । यस अबस्थामा कति निश्पक्षताको आशा गर्न सकिन्छ ? कर्मचारी खटन पटनमा ठूलो चलखेल हुन्छ । यसै गरी प्रहरी नेपालगंजवाट ल्याएर परिचालन भएकोले उम्मेदवार नचिनेको भन्ने पनि बुझिएको छ । घटनाका घाइते हरुले हामी कसैबाट परिचालित होइनौं भन्नुको साटो बहिस्कारबादीहरुवाट सम्मानित हुनु भएको छ । अर्को कुरा घटनाको अन्तमा प्रहरीले मत पेटिका बुझाए पछि प्रहरीलाई सकुशल छोडिएको भन्ने पनि सुन्नमा आएको छ । त्यस पछि मत पेटिका जलाइएको र नेपाली सेना आसपासमै मुख दर्शक बनेको तस्बीरहरु पनि भेटिएका थिए । यसले राज्यका सुरक्षाका सबै अंगमा समन्वय नभएको जस्तो पनि देखिएको छ ।

धनजीत शाही (पोलिट व्यूरो सदस्य, नेकपा माओवादी केन्द्र)

घटनाको सही निष्कर्ष निकालेर यस प्रकारका घटना आगामी दिनमा घट्न नदिन आबश्यक पहल गर्नु पर्छ । अहिले उल्लेख भएको मालकोछ घटना , यस्तै अर्को भर्तामा पनि बुँथलाई क्यान्सील गरियो । अर्थात त्यहाँ पनि मतपत्र च्यात्न लगाइयो । त्यहाँ पनि कसैलाइ कारवाही र त्यसको सुनुवाइ भएन । त्यस पछि कतिपय ठाउँहरुमा यस्ता घटनाहरु पनि घटे कि, जो बुथमा बसेका कर्मचारीहरुले यतिसम्म षड्यन्त्र गरे कि मतदाताहरुलाई प्रभावित गर्न पुछ्ने कपडा भिजाएर मसी लगाएर मतपत्रहरु रद्दै गर्ने खेलहरु खेलेको भन्ने पनि बुझिएको छ । यस्तो क्रियाकलाप गर्ने र

मतपत्र च्यात्नेहरुलाई दण्डित गर्नु पर्छ । पिलीको मतदान केन्द्रमा पाँच मत लुकाइयो भन्ने छ । यो बारे अदालतमा मुद्दा चलिरहेको अबस्था छ । यस्ता कुराको पनि निश्पक्ष छानविन हुनु पर्दछ । विप्लब माओबादी मूलरुपमा दोषि र नेका र माओबादी केन्द्रबाहेक अन्यदल पनि दोषि देखिन्छन् । दोषिलाई कारवाही, पिडितलाई राज्यले सम्बोधन गर्नु पर्ला । निर्वाचन निश्पक्ष गर्नको लागि ३ वटा ठूला दलहरु मिल्नु पर्ला । चुनावमा साम, दाम, दण्ड र भेद सबै शैली अपनाउनु पर्छ भन्ने सोचले दुर्घटना निम्तिन्छ र स्वच्छ निर्वाचन सम्भव छैन । यसै गरी आएको परिणामलाई सहजै स्वीकार गर्ने परम्पराको विकास गर्नु पर्ला । यसै गरी कर्मचारीको ततस्टता आबश्यक छ । पंचायती शैलीमा सरकारी उमेदवार लाई जसरी पनि जिताउने भन्ने परिपाटिको विकास भएमा निर्वाचन निश्पक्ष हुने छैन ।

खडानन्द अधिकारी

आगामी दिनमा यस्ता घटना दोहरिन नदिन संचार सम्पर्कलाई पनि अलि मजबुत तुल्याउनु पर्छ । विशेष गरी कर्णाली क्षेत्रमा विकटता, आवागमनको कठिनाई नदिनाला पहाड आदिलाई ध्यानमा राखी निर्वाचन अबधिभर हेलीकोप्टर तयारी हालतमा रहनु आबश्यक छ । यस्तै मदिरा सेवन र बेचविखनमा नियन्त्रण गर्नु अति आबश्यक छ । चुनावहरुमा विक्रिको अनुमान गरी मदिरा उत्पादन गरिन्छ । मापसे गरी मतदान गर्न जानेको बाहुल्यता छ । मापसेको कारणले मतबदर हुन सक्ने अबस्था नआउला भन्न सकिन्न । मालकोट घटनाका धेरै कारणहरुमा मापसे पनि मूख्य हो । तसर्थ मापसे जाचनगरी भोट हाल्ने व्यवस्था हुनु पर्दछ ।

विश्वनाथ सिंखडा (संचारकर्मी)

घटनाको मुख्य दोषी विप्लव माओबादी नै हो । त्यस पछि मदीरा खुला विक्री वितरण र सेवन, विप्लबको अड्डा ठानिएको संबेदनशील केन्द्रमा शान्तिसुरक्षाको बन्दोबस्तमा कमी कमजोरी, सुरक्षा निकायहरुवीच समन्वयको अभाव, हार्ने दलहरुको घटना रोकथाममा उदासिनता घटनाका प्मुख कारणहरु हुन् । राज्यको तर्फवाट निर्वाचनका उमेदवार मारिएका छन् । यसमा सरकारको कमजोरी स्वभाविक रुपमा देखिन्छ । दोषीलाई कारवाही र मृतकका परिवारलाई क्षतिपूर्ति र सन्ततीको लागि निशुल्क शिक्षाको व्यवस्थाको साथै घाइते दुईजनालाई संपूर्ण उपचार खर्चको साथै रोजगारीको व्यवस्था हुन पर्दछ ।

प्रेमराज सिंखडा

मालकोटको घटना माओबादी केन्द्रका तुलराज विक (दैलेखी) जसले अहिले वडा अध्यक्ष जितेका छन्, उनको परिवार र विप्लब समुहका प्रकाण्ड बीच राजैतिक मात्र हैन परिवारिक समबन्ध पनि शत्रुता र कटुतापूर्ण भएकोले विप्लब समुहले तुलराज विकलाई हराउन मृतक धनरुप बटालाको परिवारलाई प्रयोग गरी चुवाव भाड्न घट्ना गराएको भन्ने कुरा खुल्न आएको छ । घनरुप बटाला राप्रपाको उम्मेदवार हो भन्ने कुरामा सरकार, निर्वाचन आयोग सबै जानकार छन् । तर विप्लव माओवादीले हाम्रो कार्यकर्ता हो भन्दैमा किन सरकारले क्षतिपूति, राहत र उपचार खर्च मृतकका परिवार र घाइतेलाई दिदैन ? यहाँनिर सरकार पूर्वाग्रही देखिन्छ । विप्लव माओवादीले मृतक हाम्रो कार्यकर्ता हो कसरी राप्रपाको उम्मेदवार बन्यो थाहा छैन भन्छ, तर त्यसो होइन । त्यसो भएको भए अन्यत्र पनि त अन्य पार्टी वाट उम्मेदवार विप्लवले बनाएको हुनु पर्थ्यो । तर मृतकको पविारलाई प्रयोग गरेको हुन सक्छ । यदि मृतक र घाइतेहरु विप्लबकै कार्यकर्ता हुन् भने पनि ती नेपाली नागरिक नै हुन् राज्यबाट आहत भएका हुन् । यस अर्थमा क्षतिपूर्ति र उपचार खर्च उनिहरुले पाउनै पर्दछ ।

तुलाराम पाण्डे (रिर्पोटर, कान्पिुर दैनिक)

घटना कसरी भयो भन्ने कुरा आइ सकेको छ । सबैभन्दा गम्भीर कुरा घट्नाको बारेमा कुन्नै आधिकारिक सूचना सम्प्रेशण गरिएन म पत्रकार जस्तो मान्छेले ५ दिनमा के भयो भन्ने थाहा पाएको हो । टाढा थियो तत्काल जान सक्ने अवस्था पनि थिएन । सीडीयो साहवले एउटा नागरिकको मृत्यु भयो भन्नु भयो, उम्मेदवार पनि भनिएन । अनुभवी निजामति सेवाको संयम धैर्य मतदान अधिकृत खटाउनु पर्नेमा निर्वाचनको अनुभव नै नभएका शिक्षकलाई मतदान अधिकृतको रुपमा खटाइएको अवस्थामा मटपेटिका संरक्षण सुरक्षा निकायहरुको समन्वयकारी भूमिका निभाउन उनले सकेनन् । आगामी चुनावको सन्दर्भमा मतदाता शिक्षा र नागरिक शिक्षामा जोड दिनु पर्दछ । नागरिक स्वयं सचेत छैनन् । भोज भतेर, मदिरा सेवन गराउनेहरुले प्रयोग गर्न सकिने अवस्थामा छन् । त्यस्तै मतदाताको सुरक्षाको ग्यारेन्टी नभए सम्म आफ्नो मताधिकारको प्रयोग गर्न नसक्ने र धाकधम्कीको भरमा मतदान गर्ने परिपाटीको विकास हुने देखिन्छ । कालिकोटमा चुनावको कम्तीमा १ महिना अगाडि देखि मदिरा निषेध क्षोत्रको रुपमा घोषणा गर्नु पर्दछ ।

धनबहादुर बटाला (राप्रपा)

घटना कसरी भयो भन्ने कुराहरुमा जिल्ला सुरक्षा समितिको बैठक जेठ १ र २ गते ५ गते र पुनः मतदान केन्द्र भएको जेठ ६ गते मतदान अधिकृत मोहन महराको अध्यक्षतामा गरेका थियौं । ६ गते नै प्रहरीको मुचुल्कावाट घटनाबारे सबैलाई ज्ञान हुनुपर्ने हो जसले घटना बारेमा थाहा छैन भन्नुभयो । यहाँ घटनालाई बंग्याउने कोशिस भैरहेको छ । मृतक धनरुप बटाला सुरक्षाको लीग सुरक्षाकर्मीतर बढ्दा वहाँलाई मृगौलामा गोली हानीएकोछ । यो विषयमा के गर्ने भन्ने विषमा टुंगो नलागे सम्म पुन मतदान नगारौं भन्ने  सुझाव मैले दिएको थिएँ । सुनुवाइ नगरी घटनालाई हलुका तुल्याइयो र पुनः मतदान गर्ने काम भयो । दोलखाको घटनाको पीडितले राहत पाउने कालीकोटकोले नपाउने हुन्छ ? घटनाको मुचुल्कामा के उल्लेख छ थाहा भएन हामीलाई खाली कागजमा सही गराइएको थियो । पूरा चार महिना भै सक्यो । सरकार अब के हेरी बसेको छ ? अब १० लाख हैन २० लाख क्षृतपूर्ति दिनु पर्दछ भन्छु म । घाइतेहरुलाई उचित रोजगारीको प्रबन्ध हुनु पर्छ । संसद वाहिर रहेको विप्लव माओबादीले मृतकलाई ३०,०००।- क्षतिपूर्ति दियो भन्दा सरकारले यो लाज मान्नु पर्ने कुरा हो ।

मैंया मल्ल (जिल्ला अध्यक्ष, मजअ फोरम लोकतान्त्रिक)

घटनाको विषयमा धेरै कुरा आयो थप भन्नु केही छैन मृतकको परिवार एकल महिलाई सरकारले क्षतिपूर्ति र अन्य आबश्यक सहयोग राज्यले अविलम्ब गरोस् भन्न चाहन्छु । यसै गरी मृतकको वालबच्चाको शिक्षा र घाइते अपांगको लागि उपचारको व्यवस्था होस् भन्दछु ।

आशा शाही

घटनाको विषयमा केही थाहा पाएनौं । त्यस बेला संचार सेवा पनि अबरुद्ध भएको थियो । मृतकको परिवार एकल महिलाई सरकारले क्षतिपूर्ति र अन्य आबश्यक सहयोग राज्यले अविलम्ब गरोस् भन्न चाहन्छु । यसै गरी मृतकको वालबच्चाको शिक्षा र घाइते अपांगको लागि उपचारको व्यवस्था होस् भन्दछु ।

नवराज कोइराला (अध्यक्ष, नेमकिपा कालीकोट)

स्थानीय निकायको यो निर्वाचनलाई स्वतन्त्र र निश्पक्ष हुन सकेन । ठूला राजनैतिक दललको खिचातानीले विप्लव माओबादीको अभियानलाई मलजल पुर्‍यायो । कालीकोटमा भएको दुई घटनामा एक ठाँउ मालकोटमा उमेदवार मारिए । पुनः निर्वाचन भयो । अर्को कालीका गाउँ पालिका वडा. नं.२ जहाँ पुनः मतदान भयो । यो योजनाबद्ध ढंगले पुनः मतदान गराउने नियतले पहिलो निर्वानको मतणनामा मतपत्र च्यात्ने काम भएको थियो । यसमा त्यहाँ खटिएको मतदान अधिकृतले पूर्वाग्रही ढंगले यस्तो कार्य गर्नु भएको थियो । यसमा भएको विरोधमा कसैले ध्यान दिएन । त्यसैल कर्मचारी खटनपटन आस्थाका आधारमा हुने र कर्मचारुको पुर्वाग्रहका बारेमा सचेत हुन आबश्यक छ । दोषिलाई कारवाही र मृतकका परिवारलाई क्षतिपूर्ति र सन्ततिको लागि निःशुल्क शिक्षाको व्यवस्थाको साथै घाइते दुई जनालाई सम्पूर्ण उपचार खर्चको साथै रोजगारीको व्यवस्था हुनु पर्दछ ।

माधव प्रसाद उपाध्याय (अध्यक्ष, नयाँ शक्ति पार्टी कालीकोट)

निर्वाचन आचार संहिता बारे उचित शिक्षा निर्वाचनमा खटिने कर्मचारी, राजनैतिक दलका कार्यकर्ता सुरक्षा कर्मी सबैलाई दिनु पर्दछ । आ-आफ्नो दायित्वबारे राम्रोसंग प्रशिक्षित गरिनु पर्छ । मृतकको परिवारलाई क्षतिपूर्ति, मृतकका वालबालिकाको लागि निशुल्क शिक्षा र घाइतेको उपचारको आबश्यक प्रबन्ध हुनु पर्दछ ।

खिम खत्री (उपसेनानी)

म भाद्र ७ गते मात्र यस ठाउँमा आएकोले घटनाको वारेमा त्यति थाहा छैन । हामी चुनाव लगायतका विभिन्न राज्यको आबश्यकता अनुसारको सुरक्षामा खटिन्छौं । हामीलाई हाम्रो दायित्व हाम्रो जिम्मामा रहेको व्यक्ति, बस्तु र स्थानको सुरक्षाको स्पष्ट म्याण्डेट र कस्तो अबस्थामा चेतावनी दिने, कस्तो अबस्थामा गोली चलाउने भन्ने स्पष्ट हुन्छ । हाम्रो म्याण्डेट बाहिर गएर हामी कसैलाई अप्रेसन वा कारबाही गर्दैनौ । नागरिक हरुलाई यस विषयमा सचेत र प्रशिक्षित गराइयो भने यस्ता दुर्घटना हुन सक्तैनन् ।

नवराज पाण्डे

दोषीमाथि कारवाही, मृतकको परिवारलाई क्षतिपूर्ति, घाइतेलाई उपचारको व्यवस्था हुनु पर्दछ ।

धनबहादुर बुढा

हामीले यस विषयमा राप्रपा केन्द्रीय कार्य समितिाको सिफारिश समेत लिएर गृहमन्त्रीलाई भेटेका छौं । वहाँ विप्लब माओबादीले हाम्रो कार्यकर्ता हो भनेको कुरा आको छ के हो? भन्ने कुरा गर्नु भो । हामीले भन्यौ कसैले कुनै राजर्ननिक फाइदाको लागि के भन्यो भन्ने कुरा होइन । वहाँ राप्रपाको उम्मेदवार हो । म राप्रपाको कार्यकर्ता हुँ मेरो फाइदाको लागि मैले कुनै दलको सभापति हाम्रो कार्य कर्ता भनें भने मान्य हुन्छ ? तसर्थ को कसको कार्य कर्ता हो भन्ने कुरा मुख्य विषय होइन । राज्यको तर्फवाट निर्वाचनको उम्मेदवार मारिएको छ तसर्थ राज्यले यसवारेमा न्याय गर्नु पर्छ । यसले निकास पाउँछ भन्नेमा आशावादी छु म ।

पदम लामीछाने (सहायक प्रमुख जिल्ला अधिकारी)

घटना किन भो र दोषी को हो भन्ने कुरा समितिको छानविनबाट आउला । म यो बारेमा केही भन्दिन । एक जना निर्वाचनका उमेदवार सुरक्षाको क्रममा मारिनु भएको हो । सुरक्षा समितिको बैठकमा पनि २०७४ जेठ १ गते नै राहतको लागि गृह मन्त्रालयमा लेखेर पठाइ सकेका छौं । यदि सुरक्षा समिति नै दोषी हो भने भन्ने निर्क्यौल आयो भने सदस्य सचिवको हैसीयतले म सजाय भोग्न तयार छु । मैले जे कर्तव्य पालन गरे नियम सम्मत गरेको छु ।

बद्रीनाथ गैरै (प्रजिअ कालीकोट)

बैशाद ३१ गतेको घटना दुखद हो । छानविन समितिलाई म स्वागत गर्न चाहन्छु । म निर्वाचन भै सकेपछि यहाँ आएकोले त्यसबारे सबै थाहा छैन । यसबारे चर्चा हुँदा जे थाहा पाएँ सो अतिरिक्त क्षतिपूर्ति, राहत एबं उपचार खर्च नपाएको थाहा पाए पछि सुरक्षा समितिको बैठक बोलाई सो सम्बन्धी कारबाहीको लागी ताकेत गरी मन्त्रालयमा पठाएको छु । यस प्रकारका घटनाले आगामी दिनमा प्रभावित पार्ने हुँदा प्राप्त सुझाव हरुलाई ध्यानमा राखी आगामी निर्वाचन सम्मपन्न गर्ने गराउने प्रतिवद्धता जनाउदछु ।

डिएसपी

तत्कालिन समयमा म यहाँ नरहेकोले के कस्को कमजोरी हो भन्ने अबस्थामा छैन । नेपाल प्रहरी भनेको ऐन, कानूनवाट निर्देशित संस्था भएकोले सोही बमोजिम काम गर्नु पर्दछ । हामीले समग्ररुपमा बुझ्दा यसमा सरोकारवाला को को थिए त? यसमा सुरक्षा दिन नसक्नुमा प्रहरीमात्र दोषि हो अथवा सुरक्षा निकायहरुवीच समन्वय नहुनु मा के कारण के कमजोरी थियो भन्ने विषय पनि अध्ययन गर्नु पर्ने हुन जान्छ । यहाँ धेरै कुरा आएका छन् सबै कुरामा हामीले कमेण्ट गर्न मिल्दैन । भोलीका दिनहरुमा यस प्रकार घटनाको सजगताको लागि यो छलफल र सहभागीका सुझावहरुको महत्व भने छ भन्ने लाग्छ ।

लक्ष्मी प्रसाद पाण्डे (खाँडाचक्र नगरपालिकाको प्रमुख)

घटनाको भिडीयो रेकर्डहरु हरु पनि आएकै छन् तथ्य आफै वोल्छ । यहाँ केही फरकफरक मत पनि आएका छन् । उमेदवार राप्रपाकै कार्यकर्ता हुन् । दोषि विप्लव समुहनै हो । सरोकारवालाले उचित क्षतिपूर्ति पनि पाउनु पर्‍यो ।

दुधा बटाला (मृतकको श्रीमति)

मेरो भन्नु केही छैन राज्य पक्षबाट मेरो श्रीमानको मृत्यु भएको छ । मैले राज्य पक्षबाट उचित क्षतिपूर्ति र वालबच्चाको निशुल्क शिक्षाको व्यस्थाको माग गर्दछु ।

२. जिल्ला निर्वाचन कार्यालय दोलखाबाट प्राप्त विवरण

दोलखा जिल्लामा मिति २०७४ॅ०१ॅ३१ गते भएको पहिलो चरणको स्थानीय तह निर्वाचनको क्रममा भएका घटना विवरणहरु यसप्रकार छ :

## घटना विवरण

- मिति २०७४ॐ१ॐ२६गते अन्दाजी राति २१:३० बजे दोलखा जिल्ला गैरीशंकर गा.पा. वडा नं. २ जुँगु स्थित निलकण्ठेश्वर मा.वि. सडक अगाडी अस्वस्थ दलिय प्रतिस्पर्धा र चुनावी प्रचार प्रसारका क्रममा दलीय नेता तथा कार्यकर्ताको जम्काभेट भै वादविवाद हुँदा एक्कासी ढुंगा मुढा गरी झडप भएको अवस्थामा दोलखा जिल्ला गौरीशंकर गा.पा. वडा नं. २ जुँगु घर भएका कुल बहादुर तमाङ को मृत्यु भएको ।
- मिति २०७४ॐ१ॐ३१ गते अन्दाजी दिउसो १४:५५-१५:३० बजेको समयावधिमा स्थानीय तह निर्वाचन २०७४ को निर्वाचन स्थल दोलखा जिल्ला मेलुङ गा.पा. वडा नं. १ पवटी स्थित सत्यश्वर मा.वि. मतदान केन्दमा आयातित गुन्डाहरुबाट हुलहुज्जत भै मत पेटीका लुटने र निर्वाचन प्रक्रिया विथोल्ने जस्ता कार्य गर्न लाग्दा सुरक्षार्थ खटिएका सुरक्षाकर्मीले सम्झाई बुझाई नियन्त्रण नभएपछि स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम शान्ति सुरक्षा कायम गर्ने सम्पूर्ण प्रावधान प्रयोग गर्दा समेत शान्ति सुरक्षाको स्थितीमा काबु बाहिरको स्थिती सिर्जना भएकाले गोली चलाउदा दोलखा जिल्ला मेलुङ गा.पा. वडा नं. १ पवटी घर भएका डम्बर बहादुर भुजेलको मृत्यु भएको ।

## नियन्त्रणका प्रयासहरु

स्थानीय प्रशासन ऐन २०२८ मा भएको व्यवस्था बमोजिम अधिकतम नियन्त्रणको प्रयास गरिएको, व्यापक रुपमा शान्ति सुरक्षा कायम गर्न २४ सै घन्टा सुरक्षाकर्मी परिचालन गरिएको ।

## घटना घट्नुको कमजोर पक्षहरु

क) स्थानीय प्रशासन द्वारा जिल्लाको शान्ति सुरक्षालाई विश्लेषण गरि जिल्लालाई अति संवेदनशिल जिल्लाको रुपमा राखी तदनुसार सुरक्षा अवस्था मिलाउन पहल भएपनि जिल्लालाई सामान्य जिल्लाको रुपमा राखिनु, सोही बमोजिम सुरक्षा कर्मी सहितको परिचालन हुनु ।

ख) सुरक्षा जनशक्तिको सिमितता

ग) अत्याधिक संख्यामा आयातित गुण्डाहरुको परिचालन जुन सुरक्षा जनशक्तिबाट नियन्त्रण गर्न नसक्नु ।

## सुझावहरु

(क) जिल्लालाई अति संवेदनशिल जिल्लाको रुपमा राखी सोही बमोजिम सुरक्षा व्यवस्था मिलाउनु पर्ने ।

(ख) राजनैतिक दलहरुले स्वस्थ प्रतिस्पर्धा हुन सक्ने वातावरण निर्माण गर्न आवश्यक पहल हुनुपर्ने ।

(ग) आयातित गुण्डाहरुलाई नियन्त्रण गर्नका लागी पर्याप्त सुरक्षा कर्मीको व्यवस्था हुनुपर्ने ।

## पूनः मतदानको अवस्था

मिति २०७४ॐ२ॐ७ गते मेलुङ गा.पा. वडा नं. १ पवटी स्थित सत्येश्वर मा.वि. मतदान स्थलमा शान्तिपूर्ण मतदान भई निर्वाचन सम्पन्न ।

मृतक परिवारलाई क्षतिपूर्ती

दुवै घटनाका मृतकका परिवारलाई सरकारको तर्फबाट रु.१०।१० लाख उपलब्ध गराईएको ।

घाइतेहरुको उपचार

घाइतेहरुलाई सरकारी तबरबाट उपचारको व्यवस्था गरिएको ।

३. जिल्ला निर्वाचन कार्यालय चितवनबाट प्राप्त विवरण

पहिलो चरणको स्थानीय तह निर्वाचनको क्रममा यस चितवन जिल्लामा घटेका घटनाक्रमहरुको विवरण एवं मतदान, मतगणनामा मतपत्र च्यातीएको घटना, कारण, अवस्था, मतगणना स्थगन र श्रावण २० गतेको दोस्रो मतदानसम्मको घटनाको छोटकरी विवरण यस प्रकार छ ।

- स्थानीय तह निर्वाचनको मतदान क्रममा यस चितवन जिल्लामा रहेका १६१ मतदान स्थलहरुका ३७६ मतदान केन्द्रहरुमा कुनै पनि प्रकारको हिंसात्मक घटना भएको नपाइएको र स्थिति सबै शान्तिपूर्ण रहेको
- निर्वाचन आचारसहिंता सम्बन्धमा उल्लंघनको उल्लेख्य घटना नदेखिएको र यस कार्यालयमा कुनैपनि उजुरी प्राप्त नभएको भएता पनि अनुगमनका क्रममा देखिएका सामान्य खालका जस्तै चुनाव चिन्हमा भएका गन्जी, टिका आदिको प्रयोगमा मौखिक सर्तकता गराइएको ।
- ऐन कानून र निर्देशनको पालना सम्बन्धमा चितवनको सात वटै स्थानीय तहको निर्वाचन सम्पन्न हुँदा पुरै पालना भएको अनुभुत भएको र ७ मध्ये ६ वटा स्थानीय तहमा मतगणना र पुरै परिणामको घोषणा हुँदासम्म पूर्णरुपमा पालन भएको ।
- तर भरतपुर महानगरपालिकाको मतदान सम्पन्न र मतपेटीका संकलन भैसकेपछि मिति २०७४।२।१ देखि मतगणना सुरु भई गणनाको अन्तिम अबस्था तिर आइपुग्दा जम्मा २९ वडाहरु मध्ये मिति २०७४।२।१४ सम्मा २७ वडाको मत परिणाम सार्वजनिक भैसकेको । बाँकी १९ र २० वडा मध्ये १९ नं. वडाको को मत गणना भैरहदा केही मतगणना प्रतिनिधिले मतपत्र च्याती निर्वाचन कानून र निर्देशिकाको पालनमा अवरोध सिर्जना गरेको र उक्त कार्यमा संलग्न भनी केहि व्यक्तिहरुलाई प्रहरीले तत्कालै नियन्त्रणमा लिई अदालतमा पेश गरी मुद्दा समेत चलाएको ।
- उक्त मतपत्र च्यातीने घटना भई सकेपछि मुख्य निर्वाचन अधिकृतद्वारा मतगणना स्थगित गरी मिति २०७४।२।१५ मा निंर्वाचन आयोगमा प्रतिवेदन पठाउनु भएको ।
- मिति २०७४।२।१५ गते निर्वाचन आयोगबाट सहन्यायधिवक्ता गीता प्रसाद तिम्सिनाज्यूको संयोजकत्वमा तीन सदस्यीय छानविन टोलीको गठन भएको उक्त टोली जिल्लामा आइ छानविन गरी फर्किएको ।
- मिति २०७४।२।१८ गते निर्वाचन आयोगको निर्देशन बमोजिम मुख्य निर्वाचन अधिकृतज्यू द्वारा भरतपुर वडा नं. १९ को मतपत्रको विवरण साथै नोक्सान भएका मतपत्रको देहाय बमोजिमको प्रतिवेदन निर्वाचन आयोगमा पठाउनु भएको ।
    - मुचुल्काबाट देखिएको पतपत्र संख्या - २८९७
    - गणना भइसकेको मतपत्रको संख्या - १८०९
    - गणनाको क्रममा रहेका सग्ला मतपत्र संख्या - ९९८

- ○ च्यातिइ नोक्सान भएका मतपत्र संख्या - ९०

- मिति २०७४।२।२० गते निर्वाचन आयोगले भतरपुर महानगरपालिकाको मुख्य निर्वाचन अधिकृतलाई दिएको निर्देशन बमोजिम मतगणना स्थल अनधिकृत कब्जा हुन आएको भन्ने पुष्टी हुन आएको हुँदा भरतपुर महानगरपालिका वडा नं. १९ को मतदान केन्द्रको सम्पूर्ण मतपत्रहरु अबैध घोषित गरी मतदान रद्द गर्ने र उक्त वडाको निर्वाचनका लागि स्थान, मिति र समय तोकी पुनः मतदान गराउने व्यवस्था मिलाउने भन्ने निर्वाचन आयोगको निर्देशन भएको ।
- उल्लेखित ७ को निर्देशन बिरुद्धमा वडा नं. १९ का केहि मतदाताद्वारा सर्वोच्च आदालतमा पुनः मतदान होइन, पुनः मतगणना गर्ने भन्ने आदेश पाउनको लागि भनि सर्वोच्च आदालतमा दायर भएको उत्पेषणको रिट निवेदन उपर लामो समयको बहस छलफल पछि सर्वोच्च आदालतबाट मिति २०७४।४।१५ मा उक्त रिट निवेदन खारेज हुने ठहर फैसला भएको ।
- निर्वाचन आयोगबाट मिति २०७४।४।१६ मा मुख्य निर्वाचन अधिकृतको कार्यालय भरतपुरलाई पुनः मतदान गराउने सम्बन्धी निर्देशन दिएको
- सो निर्देशन बमोजिम मुख्य निर्वाचन अधिकृतको कार्यालयले मिति २०७४।४।१७ मा उक्त वडा नं. १९ को मिति २०७४।४।२० गते पुनः निर्वाचन गर्ने मिति तोकेको ।
- उक्त मिति २०७४।४।२० गते वडा नं. १९ मा शान्तिपूर्ण रुपले पुनः मतदानको कार्य सम्पन्न भई सोही दिन बेलुकाबाट मतगणना सुरु भएको र परिणाम समेत घोषणा भएको र मिति २०७४।४।२२ र २३ गते विजयी पदाधिकारीहरुलाई सफत गराइएको ।
- त्यस पछि मिति २०७४।५।३० गते उक्त महानगरपालिकाको नगर कार्यपालिकाको समेत निर्वाचन सम्पन्न भएको ।
- उल्लेखित घटना विवरण र भविष्यमा यस्तो घटना नदोहोरियोस भन्ने तर्फ सर्तक हुनका लागि विद्यमान कानूनी व्यवस्थामा देखिएको छिद्र वा कमजोरी हटाई कडा कानूनी कार्वाहीको व्यवस्था भएमा भविष्यमा त्यस्तो घटना नदोहोरिन सक्छ ।
- जिल्ला प्रशासन कार्यालय, जिल्ला निर्वाचन कार्यालय तथा शान्तिसुरक्षा सम्बन्धी निकायको बीचको समन्वय र सहयोगकारी पक्ष राम्रो रहेकोले निर्वाचन अति नै शान्तिपूर्ण भयरहित वातावरणमा सम्पन्न भएको ।
- निर्वाचनका सरोकारवाला पक्षहरु जस्तै राजनीतिक दल, सञ्चार माध्याम, नागरिक समाज एवं पर्यपेक्षकहरुबाट सहयोग र समन्वय भएको हुँदा निर्वाचन भयमुक्त बनेको ।
- मतपत्र ठूलो आकारको भएको र एकै पटक सात स्थानमा मतदान गर्नुपर्ने र २ लहरको मतपत्र भएको हुँदा मतदाता शिक्षामा केही कठिनाई भएको, बुझाउन गाह्रो भएको देखियो भने यस सम्बन्धमा जनगुनासो समेत रहेको पाइयो ।
- स्थानीय तह निर्वाचन २०७४ को सन्दर्भमा निर्वाचन तयारीको समय कम भएकोले अत्याधिक चापमा काम गर्न परेको अबस्था भएको हुँदा मतदाता शिक्षा अनुगमन, मतदाता नामावली, परिचयपत्र तथा निर्वाचन  सामग्री व्यवस्थापन गर्न ज्यादै कठिनाइ महसुस गरिएको हुँदा निर्वाचनको अवधि १२० दिन नै उपयुक्त हुनेहुँदा सम्पूर्ण दुष्टिकोणबाट पनि निर्वाचन अवधिको सो समय भन्दा कम गर्न नहुने नै रहेछ भन्ने महसुस भएको हुँदा आगामी निर्वाचनमा निर्वाचन व्यवस्थापन निकायको सुझाव बमोजिम भएमा धेरै राम्रो हुने देखिन्छ ।

४. अन्य जिल्ला निर्वाचन कार्यालयबाट प्राप्त विवरण

- हिंसात्मक घटना नघटेपनि मतदान केन्द्र नेराआवि रजुपोखरा र आवि भरैनामा राजनीतिक दलका पक्ष, विपक्षका बीच विवाद भइकोमा थप प्रहरी मद्दत पुगी अवस्था सामान्य भएको । (दैलेख)
- केही मतदान केन्द्र खुला भएकोले बर्षातबाट बचाउनको लागि त्रिपालको व्यवस्था गर्न निकै कठिन भएको थियो । (भक्तपुर)
- चागुनारायण न.पा. वडा नं. ६ को नगरकोट गा.वि.स. भवन (ख) मतदान केन्द्रमा अर्को जिल्लाको मतपत्र प्रयोग भएकोले ज्येष्ठ ३ गते उक्त मतदान केन्द्रको लागि पुनः मतदान गरिएको थियो । (भक्तपुर)
- मतपत्र ठूलो र धेरै चिन्हले गर्दा मतदानमा कठिनाई हुनुको साथै मतपत्र र स्वस्तिक छापको रङ एउटै भएकोले मतगणना गर्नमा समस्या भएको थियो । (भक्तपुर )
- कास्की जिल्लाको पोखरा लेखनाथ महानगरपालिका ११ विजयपुर, माछापुछ्रे गाउँपालिका १ टुसेमा प्रचारप्रसारमा रहेका उम्मेदवारको सवारी साधनमा पेट्रोल बम प्रहार एवं आगजनी गरेको विभिन्न ठाउँमा विप्लव समूहका कार्यकर्ताले चुनाव विरोधी गतिविधि गरेको सो घटनामा संलग्न संकास्पद व्यक्तिहरु पक्राउ परी कारबाही गरिएको । (कास्की)
- कास्की जिल्लामा निर्वाचन आचारसंहिता सामान्य उल्लंघन भएको (पर्चा, पम्पलेट, ब्यानर, झण्डा, रंगीन टोपी, टिसर्ट आदि) (कास्की)
- निर्वाचन आचारसंहिता उल्लंघन बारे कर्मचारी पदपूर्ति सम्बन्धी एउटा उजुरी प्राप्त भएकोमा तत्काल पदपूर्ति प्रक्रिया रोक्न लगाइएको । (सुर्खेत)
- चुनावी प्रचार प्रसारको क्रममा अज्ञात समूहबाट धुनिवेशी नगरपालिकाका मेयरका उम्मेदवार माधवराज पाण्डेको गाडीमा तोडफोड भएको र चुनावी प्रचारकै क्रममा अज्ञात समूहबाट सिद्धलेक गाउँपालिकाका अध्यक्ष पदका उम्मेदवार पुष्पराज थपलियाको गाडीमा समेत तोडफोड भएको । (धादिङ)
- प्युठान नगरपालिका र स्वर्गद्वारी नगरपालिकामा प्रचारप्रसारको सिलसिलामा दुई पक्षबीच झडप भएको सुन्नमा आएको । मुख्य निर्वाचन अधिकृतको कार्यालय र सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा सो घटना सम्बन्धमा कुनै लिखित किसिमको उजुरी आएको पाइएन । नेकपा माओवादी (केन्द्र) र राष्ट्रिय जनमोर्चा एक पक्षमा र नेकपा एमाले अर्को पक्षमा भई झडप भएको र प्युठान नगरपालिकामा नेकपा माओवादी केन्द्र र नेकपा एमाले बीचमा झडप भएको । (प्युठान)
- मिति २०७४।३।१४ गते अन्दाजी ९:३५ बजेको समयमा तुलसीपुर उपमहानगरपालिकाका वडा नं. ३ स्थित आधारभूत विद्यालय अम्बास मतदान स्थलको गेट बाहिर अन्दाजी १५÷२० मिटर टाढाबाट सुतली बम प्रहार गर्दा मतदान स्थलको कम्पाउण्डभित्र खसेको र मतदान स्थलमा बम खस्नेवित्तिकै सोही मतदान स्थलमा ड्युटीमा खटिएका प्रहरी हवल्दार दुर्गाबहादुर रानाले उक्त बम हातले उठाई सय मिटर तल खोल्सामा फाली विस्फोट

भएकोले धनजनको क्षति हुनबाट बचाएको । घटना अपरिचित व्यक्तिबाट भएको र खोज तथा अनुसन्धान कार्य जारी रहेको । (दाङ)

- जिल्लामा हिंसात्मक घटना धनजनको क्षति नभएको भएतापनि परिस्थितिवश एक गाउँपालिकामा पुनः मतदान भएको । (सिन्धुपाल्चोक)
- निर्वाचन आचारसंहिता उल्लंघनका छिटपुट र सामान्य घटना (मोटरसाइकल ऱ्याली, विद्यालयमा आमसभा) का सम्बन्धमा प्राप्त भएका मौखिक उजुरी उपर मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट आवश्यक कारबाही भएको । त्यस्तै नगर खानेपानी संस्थाले इन्जिनियर पदको पदपूर्तिको लागि गरेको विज्ञापन प्राप्त भएको । लिखित उजुरी छानविन गरी रोक्न लगाइएको । (बाग्लुङ)
- बर्षाको मौसमका कारण मतपत्र सुरक्षित गर्न र मतदान केन्द्रसम्म ल्याउन कठिनाई परेको ( रोल्पा)
- निर्वाचन बहिष्कार गरेको दलबाट केही स्थानमा मतदान विथोल्न प्रयास गरिएको तर कुनै असर नपरेको (रोल्पा)
- कालिका गाउँपालिका वडा नं २ श्री बालचौर आधारभूत विद्यालय भर्तामा राजनैतिक दलहरुबीच विवाद भई मतदान कार्य स्थगित भएको र यस्तै नरहरीनाथ गाउँपालिका वडा नं. ६ श्री नन्दादेवी मा.वि. सेरापाटा माल्कोट केन्द्रमा मतदान कार्य पश्चात मतपेटिका सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा लैजान लाग्दा चुनाव विरोधी पक्ष र प्रहरी बीच झडप भई मतपेटिका समेत तोडफोड गरी आगजनी हुनुका साथै मतदानमा खटिएका कर्मचारी प्रति पनि हातपात र कब्जा गरी लैजानुका साथै राप्रपाका वडा अध्यक्ष पदका उम्मेदवार श्री धनरुप बटालाको मृत्यु र अन्य २ जना घाइते भएको । (कालिकोट)
- श्री नन्दादेवी मा.वि. सेरापाटा विद्यालयको छाना, सोलार पाता र इन्भर्टर समेत गरी रु. ८५०,०००ॐ- बराबरको क्षति भएको ।
- मतपत्रमा सातजना फरक फरक उम्मेदवारलाई सात चिन्हमा मतदान गर्नुपर्दा शिक्षाको पहुँच नपुगेका स्थानका मतदातालाई मतपत्रका विषयमा स्पष्ट पार्न नसकिएको र मतपत्रमा अनावश्यक रुपमा स्वतन्त्र उम्मेदवारका लागि समेत निर्वाचन चिन्ह राखिएकोले मतपत्रको साइज बढ्न गएका कारण केही जटिलता देखा परेको । (जुम्ला)
- २०७० सालको संबिधान सभा निर्वाचनमा प्राप्त भएका मध्येका केही मतपेटिका वितरणको क्रममा ढक्कन फुट्न गई ती मतपेटिकाको सट्टा साना मतपेटिका वितरण गर्नु परेको । ( जुम्ला)

जिल्लाबाट प्राप्त समस्या र सुझावहरु

समस्याः

- निर्वाचन केन्द्रहरुमा  भौगोलिक विकटताको कारण सञ्चार सम्पर्कमा केही समस्या उत्पन्न भएको र  मत पेटिका ढुवानीमा  यातायात समस्याले गर्दा कठिनाई भोग्नु परेको र समयमै निर्वाचन सामग्री, मतदाता शिक्षा सामग्री पुर्‍याउन नसकिएको ।
- उच्च हिमाली जिल्लाहरुमा धेरै उचाइको कारण धेरै स्वास्थ्य समस्या देखा परेको ।

- मतपत्र आकारमा ठूलो रहेकोले मतदान गर्नमा कठिनाई ।
- पर्यवेक्षकको भूमिका र आचारसंहिता अनुगमन अधिकृतको भूमिका जवाफदेही नभएको ।
- मतपत्र र मतपेटिकाको आकारले गर्दा मतदान प्रक्रिया सहज नभएको ।
- सबै निर्वाचन अधिकृतको कार्यालयहरुमा इन्टरनेटको सुबिधा नभएकोले र बैकल्पिक डिभाइसहरुले समेत काम नगरेकोले समयमा अनलाईन इन्ट्रि गर्न समस्या भएको र आयोगबाट प्राप्त निर्देशन पुऱ्याउन समस्या भएको ।
- कतिपय ठाउँमा निर्वाचन केन्द्र निर्धारणमा सामान्य खिचातानी भएको ।
- निर्वाचन घोषणा हुनुभन्दा पहिले सबैलाई सबै ठाउँमा निर्वाचन सम्बन्धी ऐन, नियम, निर्देशिका र कार्यविधिहरु समयमा उपलब्ध हुन नसकेको ।
- निर्वाचन गतिविधि सञ्चालन गर्न निर्वाचन सेल, निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय, संयुक्त निर्वाचन सञ्चालन केन्द्र जस्ता बहुनिकायको व्यवस्था हुँदा कार्यसम्पादनमा जटिलता रहेको ।
- निर्वाचन पर्यवेक्षण गर्ने संघसंस्था ग्रामीण क्षेत्रमा नपुगी सदरमुकाम वेश भई अनुगमन कार्य गर्ने गरेकोले विकट क्षेत्रमा उचित ढंगले निर्वाचन अनुगमन हुन नसकेको ।
- कतिपय ठाउँमा ऐन, नियम, निर्देशिका र कार्यविधि आपसमा बाझिएको समेत देखिएको ।
- आचार संहिताको पूर्ण पालना नभएको ।
- कुनै मतदान केन्द्र साँघुरो भई महिला पुरुषको अलग अलग लाईन राख्न समेत बाधा पुगेको ।
- मतपेटिकाको गुणस्तर नभएकोले टुटफुट हुने सम्भावना रहेको ।
- निर्वाचन सम्पन्न गर्न न्यूनतम समयको अभाव र निर्वाचन सामग्री समयमै प्राप्त नभएको ।
- साबिकमा उपलब्ध निर्वाचन केन्द्रमध्ये केही निर्वाचन केन्द्र साह्रै दुर्गम भएका कारण यथावथ राख्नुपर्दा सुरक्षा प्रबन्धमा केही जटिलता देखा परेको ।
- जिल्लाबाट सिफारिस भई आयोगबाट तोकिएका मतदान केन्द्रमध्ये केही मतदानकेन्द्र मतदातालाई पायक नपरेको भन्ने गुनासो आएको

सुझावहरु

- भौगोलिकरुपले विकट क्षेत्रहरुमा विषेश सञ्चार सेवा र मत पेटिका ढुवानीको लागि विषेश प्रबन्ध गर्नु पर्ने र समयमै निर्वाचन सामग्री, मतदाता शिक्षा सामग्री पुऱ्याउने व्यवस्था गर्ने ।
- उच्च हिमाली जिल्लाहरुमा धेरै उचाइको कारण धेरै स्वास्थ्य समस्या देखा परेकोले अग्रीम भरपर्दो उपचारको प्रबन्ध गर्ने ।
- मतपत्र आकारमा ठूलो रहेकोले उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरेपछि मतपत्र छाप्ने व्यवस्था गर्ने ।
- पर्यवेक्षकको भूमिका र आचारसंहिता अनुगमन अधिकृतको भूमिकालाई जवाफदेही बनाउनु पर्ने ।

- मतपत्र र मतपेटिका भन्दा विद्युतीय मतदानको व्यवस्था गर्दा उचित हुने ।
- उपलब्ध न्यून साधन, स्रोत र जनशक्तिबाट अधिकतम प्रयासका साथ निर्वाचन सम्पन्न भएको भएतापनि निर्वाचन आयोगबाट प्राप्त हुने विभिन्न नीति निर्देशनहरु र आवश्यक निर्वाचन सामग्रीहरु समयमै प्राप्त भएमा काम प्रभावकारी हुने र सूचना सम्प्रेषण लगायतका प्राविधिक कार्य गर्न सहज हुनुका साथै स्वच्छ तथा स्वतन्त्र रुपमा निर्वाचन सम्पन्न गर्न सहज हुने ।
- निर्वाचन केन्द्र निर्धारण गर्दा अग्रिम दलीय सहमति कायम गरी स्थापना गर्नुपर्ने ।
- निर्वाचन गतिविधि सञ्चालन गर्न निर्वाचन सेल, निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय, संयुक्त निर्वाचन सञ्चालन केन्द्र जस्ता बहुनिकायको व्यवस्था जटिल भएको हुँदा यसलाई सरलीकरण गर्ने ।
- निर्वाचन घोषणा हुनुभन्दा अगाडी नै ऐन, नियम, निर्देशिका र कार्यविधि सरोकारवाला समक्ष पुगिसक्ने गरी कम्तीमा १२० दिन अगावै निर्वाचन मिति तय गर्नुपर्ने ।
- निर्वाचन पर्यवेक्षण गर्ने संघसंस्थाहरुलाई सहर केन्द्रित नगरी अनिवार्य रुपमा ग्रामीण क्षेत्रमा समेत पुगी अनुगमन कार्यलाई सबै ठाउँ र स्थानहरुमा पुऱ्याउने ।
- निर्वाचन अनुगमन कार्य प्रभावकारी बनाउन निर्वाचन आयोगद्वारा गरिने निर्वाचन अनुगमन, सुक्ष्म अनुगमनकर्ता र प्रमुख जिल्ला अधिकारीद्वारा खटाइने घुम्तिटोली जस्ता बहुप्रणाली अनुगमन भन्दा एकीकृत अनुगमन प्रणालीको व्यवस्था गरी निर्वाचनपूर्व निर्वाचन अवधि र निर्वाचन पश्चातसम्म स्थानीय तहगत रुपमा अनुगमन कार्य गर्ने, गराउने ।
- ऐन, नियम, निर्देशिका र कार्यविधि बाभिएको यकिन गरी समयमै नियमित तुल्याउने ।
- बर्षातको समय निर्वाचनको लागि उपयुक्त नहुने ।
- आचार संहिताको पूर्ण पालना सम्बन्धित निकायबाट गराउनु पर्ने ।
- मतदाताको महिला पुरुषको लागि लाईन राख्न पर्याप्त स्थानमा मतदान केन्द्र राख्ने ।
- मजबुत, टुटफुट नहुने मतपेटिकाको व्यवस्था गर्ने ।
- निर्वाचन सम्पन्न गर्न न्यूनतम समय आवश्यक पर्ने र निर्वाचन सामग्री समयमै प्राप्त हुनुपर्ने ।
- राजनीतिक दल एवं नेतृत्व वर्गले आचार संहिताको अधिकतम पालना गर्ने र गर्न लगाउने तर्फ अझ बढी सचेत र जिम्मेवारी बोध हुनुपर्ने ।
- संचार सम्पर्कलाई सरकारी तबरबाटै सुव्यवस्थित गर्नुपर्ने ।
- निर्वाचनको मिति घोषणा गर्ने अधिकार संबिधान र अन्य निर्वाचन कानुनबाट निर्वाचन आयोगलाई प्रदान गरेमा आचार संहिता र समग्र निर्वाचन व्यवस्थापनमा सहयोग पुग्नुका साथै आवश्यक निर्वाचनको सुनिश्चितता रहने देखिन्छ ।

- निर्वाचन कार्य सम्पन्न गर्न धेरै कागजी प्रक्रियाहरु अवलम्बन गर्नुपर्ने हुँदा यो खर्चिलो हुनुको साथै समय खेर जाने हुँदा यसको सुधार हुनु आवश्यक छ ।
- निर्वाचनको सिलसिलामा जनशक्ति परिचालन गर्दा भौगोलिक दुरी र कठिनाईलाई समेत मध्यनजर गरी कार्य गर्न गराउनुपर्ने ।
- मतदाता शिक्षा स्वयंसेवकको छनौटको लागि न्यूनतम योग्यता आइ.ए. हुनुपर्ने ।
- मतगणनास्थललाई प्रविध मैत्री बनाउने, सिसिटिभी क्यामेरा र डिजिटल डिस्प्लेको व्यवस्था गर्ने ।
- जनशक्ति व्यवस्थापनको जिम्मा जिल्ला निर्वाचन कार्यालयलाई दिने कानुनी व्यवस्था गर्ने ।
- आगामी निर्वाचनको सन्दर्भमा निर्वाचन तयारीको लागि सुगमतापूर्वक काम गर्न कम्तीमा १२० दिनको समय आवश्यक पर्ने ।
- बदर मतको प्रतिशत कम गर्न तथा मतदाताको सहभागिता बढाउन मतदाता शिक्षाको अवधि बढाउनुपर्ने साथै सम्भव भएसम्म प्रत्येक मतदान केन्द्रमा नमूना मतदानको व्यवस्था गर्नुपर्ने ।
- निर्वाचनसँग सम्बन्धित नागरिक समाज, राजनीतिक दल, उम्मेदवार, मतदाता, पत्रकार, सुरक्षाकर्मी लगायत सबैलाई समेटेर केन्द्र, जिल्ला र स्थानीय स्तरमा समेत निर्वाचन स्वच्छ, निष्पक्ष र स्वतन्त्र रुपले सम्पन्न गर्ने विषयमा अन्तरक्रिया कार्यक्रम वा निर्वाचन अभिमुखिकरण कार्यक्रम समेतको व्यवस्था गर्ने ।
- मतदान तथा सहायक मतदान अधिकृतलाई निर्वाचन सम्बन्धी सैद्धान्तिक तथा व्यवहारिक तालिम दिनुपर्ने । निर्वाचनलाई स्व्च्छ, स्वतन्त्र, पारदर्शी र विश्वसनीय ढंगबाट निर्वाचन सम्पन्न गर्न र निर्वाचनलाई कम खर्चिलो र मर्यादित बनाउन सम्बन्धित सबैलाई प्रेरित गर्ने ।
- जिल्लाबाट सिफारिस भई आयोगबाट तोकिएका मतदान केन्द्रमध्ये केही मतदान केन्द्र मतदातालाई पायक नपरेको भन्ने गुनासो आएकोले आगामी निर्वाचनमा अपायक मतदान केन्द्रबारे पुनः अवलोकन गर्ने ।
- आचारसंहिता कार्यान्वयन फितलो र दोषिमाथि कारबाही नगर्ने परिपाटी निर्वाचन आयोगको लागि चुनौतिपूर्ण भएको छ । त्यसतर्फ राज्यले ध्यान दिने ।
- जाजरकोट जिल्लाको मतदान केन्द्रमा खटिएका मतदान अधिकृत माथि आफ्नै सुरक्षामा खटिएका प्रहरीले मादक पदार्थ सेवन गरी अभद्र व्यवहार गर्दा त्यस्ता सुरक्षाकर्मीमाथि कुनै कारवाही नभएकोले यसले दण्डहिनतालाई प्रोत्साहन भएको छ । यसतर्फ छानविन गरी उचित कारबाही गर्नुपर्ने ।
- प्रत्येक निर्वाचन सम्पन्न भईसकेपछि निर्वाचनसँग सम्बद्ध निर्वाचन अधिकृत, मतदान अधिकृत, सुरक्षाकर्मीहरु, निर्वाचन सम्बद्ध कर्मचारीहरु, पर्यवेक्षक सबै पक्षहरुको कार्यसम्पादनको स्तर, निर्वाचन अवधिको नेकिबदिको आधारमा सबैको मूल्यांकन गरी राम्रो काम गर्नेलाई प्रोत्साहन र खराब काम गर्नेलाई आवश्यक कारबाही गर्ने परम्पराको थालनी गर्ने ।

**समितिबाट सरकार, निर्वाचन आयोग तथा सम्बद्ध निकायलाई निर्देशन**

- कालीकोट घटनामा सुरक्षा निकायबाट निर्वाचनमा तत्कालीन राप्रपा नेपालबाट सहभागी उम्मेदवार धनरुप बटाला मारिएका छन् । दोलखाको घटनामा मृतक र घाइतेलाई उपलब्ध गराए जस्तै कालीकोट घटनामा मारिने मृतकका परिवारलाई क्षतिपूर्ति र मृतकलाई सम्मान गर्ने कार्य आजसम्म नभएको हुदा तत्काल मृतकलाई सम्मान तथा निजका सन्ततिलाई शिक्षा तथा भरणपोषणाको उचित व्यवस्था गर्नुपर्ने । उचित उपचार खर्च तत्काल उपलब्ध गराउनुको साथै निजहरु अपांग भएकोले राज्यले उचित रेखदेख गर्नुपर्ने । उक्त घटनाको अनुसन्धान गरी दोषिलाई कारबाही गर्नुपर्ने ।

- घटनाको मुख्य दोषि विप्लव माओबादी नै हो । त्यस पछि मदीरा सेवन र खुला विक्री वितरण, विप्लबबाट असुरक्षा ठानिएको संबेदनशील केन्द्रमा शान्ति सुरक्षाको बन्दोबस्तमा कमी कमजोरी, सुरक्षा निकायहरुवीच समन्वयको अभाव, पराजित हुने सम्भावना भएका दलहरु रमिते भएर बस्नु घटनाका प्रमुख कारणहरु हुन् । यी विषयमा सचेत भई आगामी निर्वाचनमा उचित प्रबन्ध गर्नुपर्ने ।

- निर्वाचनमा खासगरी हिंसात्मक घटना घट्नुमा निर्वाचन विथोल्ने र निर्वाचनमा भाग लिने पक्षहरुबीचको द्वन्द्व, दलहरु बीचको आपसि तीब्र प्रतिस्पर्धा, हारको अवस्था र आफ्ना कमजोरीहरुलाई सहज स्वीकार नगर्ने प्रवृत्तिहरु जिम्मेवार रहेको तथ्य फेला परेको छ । यस अर्थमा सरकार, निर्वाचन आयोग र सरोकारवाला पक्षले यी अवस्थाको विश्लेषण गरी निर्वाचन हुनु पूर्व आवश्यक व्यवस्था गर्नुपर्ने ।

- निर्वाचन आयोगबाट जारी निर्देशिकामा निर्वाचन केन्द्रदेखि निश्चित गरिएको दुरीसम्म मदिरा बेचविखन गर्न नपाउने उल्लेख भएको भए तापनि कालिकोटमा निर्वाचन केन्द्रसँगै मदिरा बेचविखन र सेवन भएको बुझिएको छ । चुनावहरुमा विक्री गर्ने उद्देश्य राखी मदिरा उत्पादन गर्ने र  मादक पदार्थ सेवन गरी मतदान गर्न जानेको बाहुल्यता भएको समेत बुझियो । घटना योजित भएपनि यसलाई मदिराको बेचविखन र सेवनले थप बल पुऱ्याएको बुझिएको छ । मदिरा सेवन र बेचविखनमा नियन्त्रण गर्नु अति आबश्यक र स्थान, अवस्था र आवश्यकता हेरी मादक पदार्थ सेवान गरेॐनगरेको चेकजाँच गरेर मात्र मतदान गर्ने व्यवस्था समेत गर्नुपर्ने ।

- आगामी चुनावको सन्दर्भमा मतदाता शिक्षा र नागरिक शिक्षामा जोड दिनु पर्दछ । नागरिकहरुलाई निर्वाचनको महत्वबारे सचेत गराउन जरुरी छ । भोज भतेर, मदिरा सेवन गराउनेहरुबाट उनीहरु प्रयोग हुन सक्ने अबस्थामा छन् । त्यस्तै मतदाताको सुरक्षाको ग्यारेन्टी नभए सम्म आफ्नो मताधिकारको प्रयोग गर्न नसक्ने र धाकधम्कीको भरमा मतदान गर्ने अवस्था देखिएकोले यस परिपाटीको अन्त्य गर्न आवश्यक कानुनी व्यवस्था सहित पहल गर्नुपर्ने ।

- यसबाहेक माथि समस्या र सुझावहरुको महलमा उल्लेखित कुराहरु सामान्य कार्यविधिगत समस्याहरु भएपनि क्रमिक रुपमा सरकार, निर्वाचन आयोग र सम्बद्ध सबै निकायले यसमा सुधार गर्दै स्वस्थ निर्वाचनको विकास गर्दै जाने ।